# लमही नगरपालिका सामुदायिक विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०८२

स्वीकृत मितिः २०८२/१२/१८

प्रमाणीकरण मितिः२०८२/१२/१८

**प्रस्तावनाः**

जनसांख्यिक संरचनामा आएको परिवर्तन, शहर तर्फको बसाइसराइमा भएको वृद्धि, सडक यातायातको पहुँचमा भएको वृद्धि, वोर्डिङ स्कुल प्रतिको आकर्षण बढ्दै गएको सन्दर्भमा सामुदायिक विद्यालयहरूमा आधारभूत पूर्वाधार विकास गर्न, गुणस्तरीय शिक्षा सुनिश्चित गर्न, दक्ष विषयगत शिक्षकको व्यवस्था गर्न, सिकाइ वातावरणलाई सुदृढ तथा सन्तुलित बनाउन, विद्यालय शिक्षा क्षेत्र योजना तथा लमही नगरपालिकाको शिक्षा सम्वन्धी नीतिलाई कार्यान्वयन गर्न आवश्यक देखिएकोले लमही नगरपालिका क्षेत्रभित्रका प्रारम्भिक बाल शिक्षादेखि कक्षा १२ सम्मका विद्यालय शिक्षालाई गुणस्तरीय, आवश्यकता-आधारित र समयानुकूल बनाउन दुई वा दुईभन्दा बढी आधारभूत तथा माध्यमिक विद्यालयहरूलाई एकीकृत गरी विद्यालय समायोजन गर्ने तथा विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलानसम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को खण्ड (ज) ले दिएको अधिकार प्रयोग गरी लमही नगरपालिका नगर कार्यपालिकाले यो "विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यान्वयन कार्यविधि, २०८३" जारी गरेको छ।

## परिच्छेद – १

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : यस कार्यविधिको नाम **"विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यान्वयन कार्यविधि, २०८२"** रहेको छ ।

२. यो कार्यविधि लमही नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक तथा संस्थागत दुवै प्रकारका विद्यालयहरूको हकमा लागू हुनेछ।

३. यो कार्यविधि लमही नगरकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

४. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"नियमावली"** भन्नाले शिक्षा नियमावली, २०५९ लाई सम्झनु पर्दछ।

(ख) **"मन्त्रालय"** भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्दछ।

२०८२/१२/१८
ओमराज चौधरी
नगर प्रमुख

५. विद्यालय समायोजन :

क) यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालयमध्ये कुनै एक विद्यालय अर्को विद्यालयको नजिक दूरीमा रहेर सीमित जनसंख्यालाई सेवा पुर्याएको तर आधारभूत विद्यालय (कक्षा १–३, वा१–५ वा १–८) का रूपमा सञ्चालन गर्नका लागि न्यूनतम तोकिएका न्यूनतम मापदण्ड तथा आधारहरू समेत पूरा गर्न नसक्ने विद्यालयलाई नजिकका विद्यालयसँग गाभी समायोजन गरी सञ्चालनमा ल्याइनेछ।

ख) माध्यमिक तह (कक्षा ९–१० वा ९–१२) सञ्चालनमा रहेका विद्यालयहरूको हकमा समेत उपर्युक्त व्यवस्था लागू हुनेछ।

ग) विद्यालय समायोजन कार्यान्वयन सम्बन्धी निर्देशिका, २०७० तथा शिक्षा नियमावली, २०५९ तथा यस कार्यविधिको व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा लमही नगरपालिका शिक्षा समितिले निर्णय प्रक्रियामा सरलीकृत गर्नेछ।

घ) विद्यालय समायोजन तथा दरवन्दी मिलानका लागि आवश्यक सहयोग जुटाउन लमही नगरपालिकाले सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गर्नेछ।

ङ) नगर कार्यपालिकाबाट विद्यालय समायोजन तथा दरवन्दी मिलान सम्बन्धी कार्यको अनुगमन, मूल्याङ्कन तथा उपलब्धिको समीक्षा गरी प्रभावकारी कार्यान्वयन तथा थप अध्ययनका लागि आवश्यक निर्देशन दिन सकिनेछ।

च) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि भएका विद्यालय समायोजन तथा दरवन्दी मिलान सम्बन्धी कार्यहरु यसै कार्यविधि वमोजिम भएको मानिनेछ।

६. विद्यालय समायोजनका आधारहरू:

क) शिक्षा ऐन, २०२८ को दफा १५ र शिक्षा नियमावलीको नियम १२(क) अनुसार, साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र लमही नगरकार्यपालिकाले दिएको अधिकार प्रयोग गरी, नगर शिक्षा समिति निम्न आधारमा दुई वा दुईभन्दा बढी सामुदायिक विद्यालयहरूलाई गाभी एउटै विद्यालयमा कायम गर्ने, स्थान परिवर्तन गर्ने, तह वा कक्षा घटाउने वा थप्ने निर्णय गर्न सक्नेछ।

(१) दुई वा सोभन्दा वढी विद्यालय बीचको पैदल दूरी ३० मिनेट भन्दा कम रहेको वा यातायातबाट २० मिनेटभन्दा कम समय लाग्ने भएमा।

(२) कुनै विद्यालयमा निम्न विद्यार्थी संख्या कायम नरहेमा र भविष्यमा न्यूनतम विद्यार्थी संख्या पुग्ने पर्याप्त आधार नदेखिएमा।

| क.सं. | कक्षा | न्यूनतम विद्यार्थी संख्या | | |
|---|---|---|---|---|
| | | भौगोलिक | भौगोलिक | कैफियत |

२०८२।१२।१८

जोग राज चौधरी
नगर प्रमुख

| | | रुपमा कठिन क्षेत्र | रुपमा सहज क्षेत्र | |
|---|---|---|---|---|
| १ | बालविकास केन्द्र | १५ | २० | |
| २ | १-३ | ४५ | ६० | |
| ३ | ४-५ | ४० | ५० | |
| ४ | ६-८ | ४५ | ६० | |
| ५ | ९-१० | ४० | ५० | |
| ६ | ११-१२ | ४० | ६० | |

तर नजिकको दुरीमा अन्य विद्यालय नभएका, अलग बस्तीमा रहेका वा भौगोलिक रूपमा कठिन क्षेत्रका विद्यालयहरू, जहाँ दूरी एक घण्टा भन्दा बढी छ तर न्यूनतम विद्यार्थी संख्या पूरा हुँदैन, ती विद्यालयहरूलाई गाभ्न बाध्य पारिने छैन।

(ख) नजिक दूरीमा रहेका तथा आपसमा गाभिएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सोभन्दा बढी विद्यालयहरू, विद्यालयको स्तरवृद्धि गर्न आवश्यक विद्यार्थी संख्या, भौतिक अवस्था तथा समुदायबाट पर्याप्त सहयोग जुटाउन नसकेका, विद्यार्थी–शिक्षक तथा विद्यालयहरू बीच प्रतिस्पर्धात्मक अवस्था सिर्जना हुन नसकेका विद्यालयहरू, माध्यमिक तहमा ठूला विद्यालय (Big School) सञ्चालन गर्न समुदायमा नजिकको दुरीमा सञ्चालनमा रहेका र समुदायको पहल र चाहना अनुसार माध्यमिक तहका ठूला विद्यालय सञ्चालन गर्न सहमत भएका दुई वा सोभन्दा बढी विद्यालयहरूलाई आपसमा समायोजन गरी पर्याप्त भौतिक पूर्वाधार, जनशक्ति तथा आवश्यक सिकाइ वातावरण सहितको ठूला सार्वजनिक माध्यमिक विद्यालय सञ्चालन गर्ने।

(ग) आवासीय विद्यालय सञ्चालनका लागि कुनै तहबाट अर्को तहको विद्यालयमा भर्ना भई उपल्लो कक्षाहरुमा पढाई निरन्तरता दिन भौगोलिक विकटता भएका स्थानका बालबालिकाहरूलाई उनीहरुको उमेर, विद्यालय आवतजावतमा लाग्ने विद्यालयहरु बीचको दुरी, सुरक्षा जस्ता पक्षबाट असम्भव भएका स्थानका बालबालिकाहरुलाई पायक पर्ने गरी आवासीय विद्यालय सञ्चालन गर्न तथा नमुना विद्यालय विकास गर्न दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन गरी सार्वजनिक विद्यालयहरुलाई स्थानीय समुदायको आकर्षणको केन्द्र बनाउने।

(घ) विद्यालय नक्साङ्कन गरी स्थानीय तहले हाल सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूको उचित व्यवस्थापनका लागि GIS/GPS प्रणालीमा आधारित नक्साङ्कन गरी दीर्घकालीन रूपमा विद्यालयहरूको पुनःव्यवस्थापन गरिनेछ।

CamScanner

(ङ) विद्यालय गाभिएपछि कायम भएको विद्यालयको कार्यालय गाभिएका विद्यालयका सबै चल तथा अचल सम्पत्तिको संरक्षण गर्ने जिम्मेवारी नयाँ कायम हुने विद्यालयको हुनेछ।

(च) उपर्युक्त (ङ) बमोजिम सम्पत्ति हस्तान्तरण भएको व्यहोरा नगरपालिकाको कार्यालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई समेत जानकारी दिनुपर्नेछ।

(छ) बालविकास शिक्षा प्रत्येक सामुदायिक विद्यालयमा कम्तीमा एक वटा कक्षा सञ्चालन गरिनेछ र तोकिएको मापदण्ड अनुसार बालविकास कक्षा थप्ने वा घटाउने व्यवस्था गर्न सकिनेछ।

(ज) नगरपालिकाभित्र सञ्चालनमा रहेका दुई वा दुईभन्दा बढी संस्थागत विद्यालयहरूले विद्यालय गाभ्नका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिस सहित माग गरेको खण्डमा, नगर शिक्षा समितिले ती विद्यालयहरूलाई गाभ्न सक्नेछ।

(झ) नगरपालिकाभित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरूले नियमावलीले तोकेको न्यूनतम पूर्वाधार पूरा नगरेको खण्डमा, गाउँ शिक्षा समितिले ती विद्यालयहरूको स्थलगत अनुगमन गरी नियमानुसार न्यूनतम पूर्वाधार भएका वा नभएका विद्यालयहरूको सञ्चालक समिति र वडा समितिको राय लिई गाभ्ने वा बन्द गर्ने निर्णय लिन सक्नेछ।

(ञ) संस्थागत विद्यालयहरूले साविकको जिल्ला शिक्षा कार्यालय वा यस नगरपालिकाबाट प्राप्त अनुमति अनुसारका तह वा कक्षा सञ्चालन नगरेको खण्डमा, गाउँ शिक्षा समितिले ती विद्यालयको सञ्चालनमा नआएका तह वा कक्षा घटाउन वा हटाउन सक्नेछ ।

७. दरबन्दी मिलान समितिः

(क) यस कार्यविधि अनुसार दरबन्दी मिलान गर्नका लागि निम्न ७ सदस्यीय दरबन्दी मिलान सिफारिस समिति गठन हुनेछः

१) सामाजिक विकास समिति संयोजक- संयोजक

२) स्थानीय शिक्षक महासंघको अध्यक्ष- सदस्य

३) शिक्षा समितिका सदस्य मध्येबाट नगर प्रमुखले मनोनित गरेको सदस्य- सदस्य

४) स्थानीय शिक्षक पेशागत संघसङ्गठन प्रमुखहरु ३ जना- सदस्य

५) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगरप्रमुखले मनोनित गरेको १ जना- सदस्य

६) शिक्षा शाखा प्रमुख वा शिक्षा शाखा प्रतिनिधि - सदस्य–सचिव

(ख) समिति बैठकमा पालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा विज्ञ र अन्य सरोकारवालालाई आमन्त्रित गर्न सकिनेछ।

(ग) दरबन्दी मिलान समितिबाट प्राप्त दरबन्दी मिलान वा शिक्षक पदस्थापन तथा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यलाई नगर शिक्षा समितिले छलफल गरी उपयुक्त ठानेमा सोही अनुरुप दरबन्दी मिलान गर्ने छ वा आवश्यक थपघट गरी मिलान गर्न सक्नेछ । नगर शिक्षा

२०८२।१२।१८
जोगराज चौधरी
नगर प्रमुख

समितिबाट तयार भई सिफारिस गरिए बमोजिमको दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन, पदस्थापनको कार्य नगर कार्यपालिकाबाट स्वीकृत भए पश्चात कार्यान्वयन गरिनेछ ।

(घ) शिक्षक सेवा आयोगबाट सरुवा र नियुक्तिका लागि सिफारिस भई नियुक्त भएका शिक्षकहरूको हकमा, शिक्षक सेवा आयोगले तोकेको पदमा नियुक्ति गरिनेछ।

८. दरबन्दी मिलानका आधारहरू:

(क) नगर शिक्षा समितिले प्रारम्भिक बाल शिक्षादेखि कक्षा ५ सम्म सञ्चालन भएका विद्यालयहरूमा न्यूनतम रुपमा प्रत्येक कक्षामा एक जना शिक्षक रहने गरी र माथिल्लो कक्षाहरूमा विषयगत शिक्षक व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउनेछ।

(ख) दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यको लागि शैक्षिक सत्र २०८२ को EMIS मा भएको विद्यार्थी सङ्ख्यालाई सत्यापन गरी सोही आधारमा दरबन्दी मिलान गर्ने ।

(ग) कक्षागत विद्यार्थीको आधारमा शिक्षक थप गर्दा ५० को २० प्रतिशत भन्दा बढी अर्थात विद्यार्थी सङ्ख्या ६१ जना भएमा थप शिक्षक प्रदान गर्ने ।

(घ) आधारभूत तह (कक्षा १-३) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्वन्धमा:

a. विद्यालयमा २० जनाभन्दा न्युनतम विद्यार्थी सङ्ख्या भएमा १ दरवन्दी कायम गर्ने।
b. विद्यार्थी सङ्ख्या २१ देखि ५० जनासम्म भएमा २ सम्म दरबन्दी (कम्तिमा १ स्वीकृत दरबन्दी) कायम गर्ने ।
c. विद्यालयमा ५१ वा सो भन्दा बढी विद्यार्थी भएमा ३ दरबन्दी कायम गर्ने । तर १५० जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी प्रदान नगर्ने ।

(ङ) आधारभूत तह (कक्षा १-५) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्वन्धमा:

१. विद्यालयमा ३० जनाभन्दा न्युन विद्यार्थी भएमा २ सम्म दरबन्दी (स्वीकृत/राहत) कायम गर्ने ।
२. न्युनतम विद्यार्थी सङ्ख्या ३१ देखि ८० जना सम्म भएमा ३ सम्म दरबन्दी कायम गर्ने ।
३. विद्यार्थी सङ्ख्या ८१ देखि १२५ जनासम्म भएमा ४ सम्म शिक्षक दरबन्दी कायम गर्ने ।
४. विद्यार्थी सङ्ख्या १२६ जना वा सो भन्दा बढी भएमा ५ शिक्षक दरबन्दी कायम गर्ने तर २५० जना नपुगेसम्म त्यस्ता विद्यालयमा ५ जनाभन्दा बढी शिक्षक हुने गरी दरबन्दी थप नगर्ने ।

२०८२।०२।१८
जोगराज चौधरी
नगर प्रमुख

५. शिक्षक दरबन्दी थपघट हुँदा आधारभूत तह (कक्षा १-५) मा शिक्षा नियमावली अनुसार महिला शिक्षकको दरबन्दीमा महिला शिक्षक नै व्यवस्थापन हुने गरी दरबन्दी मिलान गर्ने ।

(च) आधारभूत तह (कक्षा ६-८) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा:

१. कक्षा १-८ सञ्चालन भएको आधारभूत विद्यालयको हकमा प्राथमिक तहका विद्यार्थी सङ्ख्याको आधारमा न्यूनम दरबन्दी र कक्षा ६-८को विद्यार्थी सङ्ख्या ६० भन्दा कम विद्यार्थी भए ३ जना र सो भन्दा वढी विद्यार्थी भए ४ जना । जसमा अंग्रेजी १, गणित/ विज्ञान १, नेपाली १ र सामाजिक १ हुने गरी गर्ने ।

(छ) माध्यमिक तह (कक्षा ९-१०) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा ।

१. कक्षा (१-१०) सञ्चालन भएका विद्यालयमा प्राथमिक तहका न्यूनतम दरबन्दी र निम्न माध्यमिक तहका न्यूनतम विषयगत दरबन्दी सहित माध्यमिक तहमा ५० जनाभन्दा कम विद्यार्थी भएमा ५ वटा दरबन्दी (अंग्रेजी १, विज्ञान १ गणित १ नेपाली १ र सामाजिक १ गरी ५ वटा शिक्षक दरबन्दी कायम गर्ने ।

(ज) माध्यमिक तह (कक्षा ११-१२) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा:

१. माध्यमिक तह कक्षा ११-१२ का लागि शिक्षक दरबन्दी मिलान तथा समायोजन उपलब्ध दरबन्दी तथा अनुदान कोटा एवं विद्यालयको आवश्यकताको आधारमा गर्ने ।

(झ) शिक्षक–विद्यार्थी अनुपात कम भएका विद्यालयका शिक्षकहरूलाई दरबन्दी कम भएका वा दरबन्दी नभएका विद्यालयहरूमा व्यवस्थापन गर्दा निम्न आधारहरू लागू गरिनेछ:

१) दुई वा सोभन्दा बढी विद्यालयहरू एक आपसमा गाभिएमा,

२) कक्षा र शिक्षकको अनुपात तपसिलका भन्दा कम भएमा,

| क.सं. | कक्षा | न्यूनतम शिक्षक संख्या | आधार |
|---|---|---|---|
| १ | १–३ | ३ | प्रारम्भिक बालशिक्षा सहित समावेशीताको आधार अनुसार |
| २ | १–५ | ४ | प्रारम्भिक बालशिक्षा सहित समावेशीताको आधार अनुसार |
| ३ | ६–८ | ३ | भाषा, गणित/विज्ञान र सामाजिक |

२०८२।१२।१८

| | | | |
|---|---|---|---|
| ४ | ९-१० | ३ | भाषा, गणित/विज्ञान र सामाजिक |
| ५ | ११-१२ | २ | नेपाली र अंग्रेजी |

३) यस कार्यविधिमा उल्लिखित न्यूनतम शिक्षक दरवन्दी भन्दा बढी शिक्षक रहेको विद्यालयमा, शिक्षक-विद्यार्थी अनुपात देहाय बमोजिम भएमा तहगत वा विषयगत रुपमा दरवन्दी मिलान कार्यदलले पेश गरेको प्रतिवेदनका आधारमा र विद्यालयमा आवश्यक रहेको विषयगत दरवन्दीका आधारमा दरवन्दी सहित शिक्षकलाई व्यवस्थापन गरिनेछ।

| क्र.सं. | कक्षा | न्युनतम शिक्षक विद्यार्थी अनुपात | | |
|---|---|---|---|---|
| | | भौगोलिक रुपमा कठिन क्षेत्र | भौगोलिक रुपमा सहज क्षेत्र | कैफियत |
| १ | बालविकास केन्द्र | १:१५ | १:२० | |
| २ | १–३ | १:२० | १:३० | |
| ३ | ४–५ | १:२० | १:३० | |
| ४ | ६–८ | १:२० | १:३० | |
| ५ | ९–१० | १:२० | १:३० | |
| ६ | ११–१२ | १:२० | १:३० | |

४) विद्यालयमा कुनै कक्षाको विद्यार्थी सङ्ख्या वढी भई सेक्सन विभाजन गर्ने अवस्थामा प्रति सेक्सन न्युनतमं ३० विद्यार्थीको लागि १ शिक्षक र विद्यार्थी सङ्ख्या ६१ जना भएमा सो कक्षाको लागि थप शिक्षक प्रदांन गर्ने ।

(ञ) एउटै विद्यालयमा पाँच वर्ष वा सोभन्दा बढी सेवा प्रदान गरेका स्थायी, अस्थायी, राहत, बालविकास, संघीय अनुदान वा नगरपालिका अनुदानमा कार्यरत शिक्षकलाई आवश्यकतानुसार अन्य विद्यालयमा दरवन्दी मिलान, पदस्थापना वा शिक्षक व्यवस्थापन गर्न सकिनेछ।

(ट) विद्यालयको विषयगत मिलानलाई ध्यानमा राख्दै, सम्वन्धित तहका लागि योग्यता भएका शिक्षक र मिल्ने विषय भएमा शिक्षकलाई तह अनुसार रिक्त दरबन्दीमा शिक्षक व्यवस्थापन वा पदस्थापन वा दरवन्दी मिलान गर्न सकिनेछ।

(ठ) नगरपालिकाभित्र सम्वन्धित तहमा दरवन्दी रिक्त भएमा अपाङ्गता भएका शिक्षकहरू, महिला शिक्षकहरू, विभिन्न कारणले काजमा रहेका शिक्षक र प्रधानाध्यापकको जिम्मेवारीमा रहेर काम गरेका तर दरवन्दी मिलान तथा प्रअ व्यवस्थापनबाट प्रअ नहुने अवस्थाका शिक्षकहरूलाई

०८१/१२/२८
जोगराज चौधरी
नगर प्रमुख

प्राथमिकताको आधारमा पायक पर्ने गरी अन्य विद्यालयको समान तहका दरबन्दीमा नगर शिक्षा समितिले शिक्षक व्यवस्थापन वा पदस्थापना गरी दरबन्दी मिलान गर्न सक्नेछ।

(ड) विद्यालयमा सन्तोषजनक कार्यसम्पादन गर्न नसकेको वा विद्यालय व्यवस्थापन समितिबाट पटक-पटक गुनासो आएमा शिक्षक वा प्रधानाध्यापकलाई शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिसमा समान तहको दरवन्दी भएको अन्य विद्यालयमा वा दरवन्दी नभएको भए पनि दरवन्दी सहित नगर शिक्षा समितिले दरबन्दी मिलान, शिक्षक व्यवस्थापन वा पदस्थापना गर्न सक्नेछ।

(ढ) एकमुष्ट अनुदानमा सञ्चालित विद्यालय बाहेक अन्य विद्यालयको हकमा एउटा पनि स्वीकृत दरबन्दी नभएका तर न्यूनतम विद्यार्थी संख्या भएका विद्यालयहरूमा सम्वन्धित तहको कम्तिमा एक वटा स्वीकृत दरबन्दी आधारभूत तह कक्षा १-५ मा अनिवार्य तथा आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१० मा सकेसम्म उपलब्ध हुने गरी शिक्षक व्यवस्थापन गर्ने।

(ण) कक्षा १–३ र कक्षा १–५ मा विद्यार्थी संख्या कम भई दरबन्दी कटौती वा मिलान गरिएको खण्डमा ती विद्यालयमा बहुकक्षा शिक्षण विधिको प्रयोग गरी कक्षा सञ्चालन गर्नुपर्ने छ। सो कार्यका लागि स्थानीय तहले आवश्यक सहयोग, समन्वय र सहजीकरण प्रदान गर्नेछ।

(त) सामुदायिक विद्यालयहरूमा दरबन्दी मिलान, शिक्षक पदस्थापन वा शिक्षक व्यवस्थापन गर्दा सम्वन्धित विद्यालयको सहमति तथा अनुमति नहुँदा पनि लागू गर्न सकिने छ।

(थ) दरवन्दी मिलानको क्रममा प्रधानाध्यापक व्यवस्थापन कार्यको लागि दरवन्दी कट्टी गर्नुपर्दा सम्वन्धित विद्यालयको कनिष्ठ शिक्षक मध्ये बाट व्यवस्थापन गर्न सकिनेछ ।

(द) दरवन्दी मिलान कार्यलाई थप प्रभावकारी बनाउन नगर शिक्षा समितिले यस कार्यविधिमा थप मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(ध) माथि जुनसुकै कुरा लेखिएको भएता पनि सुरु सिफारिस भई नियुक्ति लिई पदस्थापना हुने शिक्षकको हकमा बाहेक अन्य अवस्थामा रिक्त दरवन्दीमा विद्यालयको आवश्यकता बमोजिम शिक्षक पदस्थापन वा शिक्षक व्यवस्थापन कार्यलाई पनि दरबन्दी मिलान कार्यको रूपमा लिन सकिनेछ।

९. विद्यालयको स्तरवृद्धिका लागि समायोजन

क) आधारभूत र माध्यमिक विद्यालयको रूपमा हाल सञ्चालनमा रहेका तर स्तरवृद्धि गर्न आवश्यक न्यूनतम आधार पूरा नगरेका विद्यालयहरूका लागि निम्न विकल्प छनौट गर्न दिई समायोजन गरिनेछः

१) कक्षा १–३ सम्म सञ्चालन हुने प्रारम्भिक विद्यालयका रुपमा स्तरवृद्धि गर्न आवश्यक न्यूनतम आधार पूरा नगरेका विद्यालयले समुदाय र स्थानीय तहसँगको सहकार्यमा प्रारम्भिक बालविकास केन्द्रको रूपमा सञ्चालन गर्ने विकल्प छनौट गर्न पाउनेछन्।

२०८२।१२।१८

जोगराज चौधरी
नगर प्रमुख

२) कक्षा १-५ सम्म सञ्चालन हुने विद्यालयका रुपमा स्तरवृद्धि गर्न आवश्यक न्यूनतम आधार पूरा नगरेका विद्यालयले कक्षा १-३ सम्मको प्रारम्भिक विद्यालयको रूपमा सञ्चालनमा रहन पाउनेछन् तर नगरपालिकाले आवश्यकता ठानेमा कक्षा स्थगन गरी दरबन्दी अन्यत्र सार्न सक्नेछ ।

३) कक्षा १-८ सम्म सञ्चालन हुने आधारभूत विद्यालयका रुपमा स्तरवृद्धि गर्न आवश्यक आधार पूरा नगरेका विद्यालयहरूलेकक्षा १-५ सम्मको विद्यालयको रूपमा सञ्चालन गर्न पाउनेछन्।

४) कक्षा ९-१० सम्म सञ्चालन हुने माध्यमिक विद्यालयका रुपमा स्तरवृद्धि गर्न आवश्यक आधार पूरा नगरेका विद्यालयहरूले आधारभूत विद्यालयको रूपमा सञ्चालन गर्न पाउनेछन्।

५) कक्षा ११-१२ सम्म अनुमति/स्वीकृति लिएर न्यूनतम विद्यार्थी संख्या र आधारभूत भौतिक पूर्वाधार नभएका विद्यालयहरूलेकक्षा १० सम्मको माध्यमिक विद्यालयको रूपमा सञ्चालन गर्न पाउनेछन्।

१०. समायोजन हुने वा गाभिएका विद्यालयको नामकरण

(क) दुई वा दुईभन्दा बढी विद्यालयहरू आपसमा गाभिएर नयाँ स्थानमा विद्यालय स्थापना हुने भए, गाभिएका विद्यालयहरूको नाम,राष्ट्रियता,स्थानीयता र ऐतिहासिकता झल्किने नयाँ नाम राख्न सकिनेछ तर शिक्षा नियमावलीको नियम ५४ अनुसार कुनै व्यक्तिको नाम, स्मारक वा ऐतिहासिक वस्तुको नामबाट विद्यालयको नाम राखिएको भए त्यस नाम प्रयोग गर्न सकिनेछ।

(ख) समायोजन वा गाभिएका विद्यालयका सरोकारवालाले गाउँ शिक्षा समितिको सिफारिसमागाभिएका विद्यालय भवनमा बालशिक्षा कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक सिकाइ केन्द्र, पुस्तकालय वा अन्य कार्यालय/कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ।

(ग) समायोजन भई हाल सञ्चालनमा नरहेका विद्यालयको स्थानमा भविष्यमा पुनः विद्यालय सञ्चालनको लागि न्युनतम् विद्यार्थी सङ्ख्या भएमा र विद्यालय सञ्चालन गर्न आवश्यक भएमा देखिएमा विद्यालय सञ्चालन गर्न नगर शिक्षा समितिले अनुमति दिन सक्नेछ।

परिच्छेद-३

## भौतिक, शैक्षिक व्यवस्थापन र अनुदान सम्बन्धी व्यवस्थापन

११. विद्यालय समायोजन पछि गर्नुपर्ने भौतिक व्यवस्थापनः

(क) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री र अन्य शैक्षिक सामग्री गाभिएका विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्ने छ ।

(ख) विद्यालय समायोजन वा गाभिएपछि गाभिएका विद्यालयमा रहेका शैक्षिक प्रयोजनका लागि काम नलाग्ने पुराना सामग्रीको विवरण तयार गरी प्रचलित कानुन अनुसार हस्तातरण वा लिलाम गर्नु पर्ने छ ।

२०८२।०२।१८
जौउराज चौधरी
नगर प्रमुख

(ग) विद्यालय समायोजन वा गाभिएपछि गाभिएका विद्यालयको आयआर्जनमा प्रयोग भएका जग्गा, जमिनमा कृषिजन्य प्रयोग, पशुपालन वा व्यवसायिक खेती जारी राख्ने खण्डमा, त्यसको निरन्तरताका लागि गाभिएका विद्यालयले योजना सहित सम्बन्धित वडा कार्यालय मार्फत नगरपालिकामा पेश गर्नुपर्नेछ।

(घ) अनुमति वा स्वीकृति रद्द गरिएका वा बन्द गरिएका विद्यालयको चल तथा अचल सम्पत्ति नगर शिक्षा समितिको सिफारिस अनुसार नजिकका विद्यालय वा गाभिएका विद्यालयले प्रयोग गर्न सक्नेछन्।

१२. प्राथमिकता दिइने:

(क) दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा समायोजन वा गाभिएमा त्यसरी गाभिएका विद्यालयको भौतिक र शैक्षिक सामग्री व्यवस्थापनका लागि संघ, प्रदेश र नगरपालिकाबाट प्राप्त हुने बजेट तथा कार्यक्रममा प्राथमिकता दिइनेछ ।

(ख) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि आवश्यक भएमा उक्त कार्यको लागि संघ, प्रदेश वा नगरपालिकामा भौतिक सुविधा विस्तारको शीर्षकमा आउने अनुदानलाई पहिलो प्राथमिकता राखी व्यवस्थापन गराउनु पर्नेछ।

१३. विद्यालय समायोजन पछि गर्नुपर्ने शैक्षिक व्यवस्थापन

(क) विद्यालय समायोजन वा तह/कक्षा घटाइएपछि विद्यालयमा आवश्यकभन्दा बढी रहेका शिक्षकलाई नगर शिक्षा समितिले पुल दरबन्दीमा राखी अर्को व्यवस्था नभएसम्म समायोजन भएका वा गाभिएका विद्यालयमा कामकाज गर्न लगाउन समेत सक्नेछ।

(ख) गाभिएका विद्यालयमा आवश्यक भन्दा बढी शिक्षक संख्या भएमानजिकका विद्यालयहरूमा आवश्यकतानुसार र यस कार्यविधिले तोकेको आधारअनुसार नगर शिक्षा समितिको निर्देशनमा पदस्थापना गरिनेछ।

(ग) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि वा पछि विद्यालय समायोजन गर्दा वन्द भएका स्वीकृति प्राप्त विद्यालयको तहगत शिक्षक संख्या नगरपालिकाको पुलमा रहनेछ। त्यसरी पुलमा रहेका विद्यालय सङ्ख्यामा नबढाई नगरपालिकाभित्र नक्साङ्कनका आधारमा नयाँ विद्यालय खोल्न आवश्यक भएमा र न्यूनतम पूर्वाधार पूरा भएको खण्डमा नगर शिक्षा समितिले विद्यालय सञ्चालनको अनुमति दिन सक्नेछ।

१४. विद्यालय समायोजनपछि गर्नुपर्ने अन्य व्यवस्थापन:

(क) विद्यालय समायोजन पछि समायोजन हुने विद्यालयका कर्मचारीहरू स्वतः समायोजित भएको मानिनेछन्। समायोजन हुने विद्यालयका कर्मचारीहरूको व्यवस्थापन कुनै अन्य व्यवस्था नभएसम्म गाभिएका विद्यालयमा करारमा व्यवस्थापन गर्न सो अनुदान कोटा नगरपालिकाको पुलमा राखिने छ वा सो वडा वा नजिकको वडाको कुनै विद्यालयको

२०८२।१२।१८
जोगराज चौधरी
नगर प्रमुख

समान पदको कर्मचारीको पद अनिवार्य अवकाश वा अन्य कारणले रिक्त भएमा त्यस्ता फाजिलमा रहेका वा अवकाश भएका कर्मचारीलाई व्यवस्थापन गरी पुलमा रहेको अनुदान कोटा स्वतः खारेज हुनेछ ।

(ख) विद्यालय समायोजनपछि गाभिएका विद्यालयमा प्रारम्भिक बालशिक्षा (बालविकास) संचालनको सुविधा नभएको खण्डमा सोही विद्यालयमा रउक्त सुविधात्यस अघि नै रहेको भएमा अनुदान नभएको विद्यालयमा समायोजन गरी सञ्चालन गरिनेछ।

## परिच्छेद ४:

## विद्यालय समायोजन सम्बन्धी नगरपालिका र अन्तर्गतका निकायहरूको कार्य जिम्मेवारी

१५. विद्यालय व्यवस्थापन समितिको कार्य तथा जिम्मेवारीः विद्यालय व्यवस्थापन समितिको कार्य तथा जिम्मेवारी निम्नानुसार हुनेछन्ः

(क) विद्यार्थी संख्या कम भई विद्यालयमा शिक्षक व्यवस्थापन गर्न असजिलो भएको भनी आफ्नो विद्यालयको सेवा क्षेत्रभित्रका बालबालिकाहरूको विद्यालयसम्म सहज पहुँच सुनिश्चित गर्दै नजिकका विद्यालयमा समायोजन गर्ने ।

(ख) तह वा कक्षा घटाउने सम्बन्धी निर्णय गर्ने ।

(ग) नगर शिक्षा समितिमा विद्यालय समायोजन सम्बन्धी सल्लाह/राय पेश गर्ने।

(घ) विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यमा सहयोग गर्ने।

१६. वडा समितिको कार्य तथा जिम्मेवारीः

(क) विद्यार्थी संख्या अनुपातमा विद्यालयमा शिक्षक व्यवस्थापन गर्न र आफ्नो वडाभित्रका बालबालिकाहरुलाई विद्यालय शिक्षामा समतामुलक पहुँच पुर्याउन नेतृत्वदायी भुमिका वहन गर्ने ।

(ख) आफ्नो वडाभित्रका विद्यालयहरूमा विद्यार्थी संख्याका आधारमा शिक्षक व्यवस्थापन गर्न वा तह वा कक्षा थप गर्न तथा घटाउने विषयमा नगर शिक्षा समितिलाई राय पेश गर्ने तथा विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धी कार्यमा सहयोग गर्ने।

१७. शिक्षा, युवा तथा खेलकुद शाखाको जिम्मेवारी

शिक्षा, युवा तथा खेलकुद शाखाको जिम्मेवारी निम्नानुसार हुनेछन्ः

(क) शैक्षिक तथ्याङ्कलाई चुस्त, दुरुस्त राख्ने।

(ख) दरबन्दी मिलान तथा विद्यालय समायोजनमा आवश्यक तथ्यांक उपलब्ध गराउने।

(ग) शिक्षा समितिबाट भएका निर्णयहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने/ गराउने।

(घ) नीति निर्माण निकायलाई आवश्यक सल्लाह, सुझाव र सहयोग गर्ने।

२०८२।१०।१८

जोगराज चौधरी
नगर प्रमुख

(ङ) रेकर्ड अभिलेखीकरणलाई चुस्त, दुरुस्त राख्ने।

८. नगर शिक्षा समितिका कार्य तथा जिम्मेवारी

नगर शिक्षा समितिको कार्य र जिम्मेवारी निम्नानुसार हुनेछन:

क) विद्यालय समायोजन वा गाभ्ने कार्यका लागि नगरपालिका भित्रका विद्यालयहरूको अवस्था अध्ययन गर्ने र विद्यालय समायोजन र दरबन्दी मिलानसम्बन्धी बैठक, छलफल र अन्तरक्रिया कार्यक्रम संचालन गरी सुझावहरू संकलन गर्ने।

ख) विद्यालय नक्साङ्कनका आधारमा तोकिएका स्थानमा विद्यालय सञ्चालन गर्ने, गराउने कार्यका लागि सम्वन्धित सरोकारवालाहरुको सहकार्य तथा समन्वयमा विद्यालयको स्थान निर्धारण गरी, त्यस्ता स्थानमा रहेका जग्गाको स्वामित्व विद्यालयको नाममा कायम गर्न निर्णय गर्ने ।

- दरवन्दी मिलान कार्यदल, शिक्षा समिति, कार्यपालिकामा छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन र सम्वन्धित नियमावलीमा दिइएका अधिकार प्रयोग गरी यस कार्यविधिमा भएको व्यवस्था तथा शर्तका आधारमा विद्यालय समायोजन, दरवन्दी मिलान, शिक्षक पदस्थापना र शिक्षक व्यवस्थापन गर्ने।

परिच्छेद-५

## आधारभूत तथा माध्यमिक विद्यालयहरुमा प्रधानाध्यापक व्यवस्थापन

१९. नगरपालिका भित्रका आधारभूत र माध्यमिक विद्यालयहरूमा कुशल नेतृत्वदायी भूमिका निर्वाह गरी विद्यालयहरुको शैक्षिक गुणस्तर र सिकाइ उपलब्धि बढाउन आधारभूत तथा माध्यमिक विद्यालयहरुमा जेष्ठता, वरिष्ठता र योग्यता र कार्यक्षमताका आधारमा प्रधानाध्यापकको व्यवस्थापन गर्न सकिनेछ ।

२०. लमही नगरपालिका भित्रका शुन्य दरवन्दी भएका सामुदायिक माध्यमिक र कक्षा १-८, १-५, १-३ सञ्चालित आधारभूत विद्यालयहरूमा नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा रहेका सम्वन्धित तहका स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकहरू मध्येबाट दरवन्दी सहित प्रधानाध्यापक बनाई व्यवस्थापन गर्न सकिनेछ। प्रधानाध्यापकको रूपमा कामकाज गर्न खटाइएको शिक्षकको सट्टामा निज कार्यरत विद्यालयमा सम्बन्धित तहको स्वीकृत दरवन्दी, संघीय अनुदान, नगर अनुदान वा राहत अनुदानबाट प्राप्त कोटामा कार्यरत तह र विषय मिल्ने शिक्षकलाई व्यवस्थापन गर्न सकिनेछ । कक्षा स्थगन गरी दरवन्दी सहित सरुवा भइ जाने शिक्षक प्रधानाध्यापक रहेको भए सम्भव भए सम्म निजको कार्यक्षमता ज्येष्ठाको आधारमा सम्वन्धित तहको प्रधानाध्यापक पदमा नियुक्तिका लागि प्राथमिकता दिन सकिनेछ ।

२१. प्रधानाध्यापक व्यवस्थापन गर्दा पहिलो चरणमा माध्यमिक र आधारभूत तह (कक्षा ६-८) सञ्चालित विद्यालयहरुमध्ये सम्वन्धित तहको शुन्य दरवन्दी भएका विद्यालयहरुमा व्यवस्थापन

२०८१।०२।१८
ओमराज चौधरी
नगर प्रमुख

गर्न प्राथमिकता दिइनेछ। उत्कृष्ट नतिजा हासिल गरेका, कार्य सम्पादन उत्कृष्ट रहेका विद्यालयहरुको हकमा एक शैक्षिक सत्रको नतिजा हेर्ने गरी यथावत राख्न सकिनेछ ।

२२. प्रधानाध्यापकको व्यवस्थापन कार्य: यस कार्यविधिमा उल्लेख भए अनुसार शिक्षा समितिको निर्णय पश्चात कार्यान्वयन गरिने छ । सो व्यवस्थालाई थप प्रभावकारी बनाउन शिक्षा समितिबाट थप आधारहरू तय गर्न सकिनेछ । व्यवस्थापन गरिएका प्रधानाध्यापकहरू अनिवार्य रुपमा खटाएको विद्यालयमा जानु पर्नेछ ।

२३. प्रधानाध्यापकमा व्यवस्थापन भएका शिक्षकहरुबाट विद्यालयको शैक्षिक गुणस्तर सुधारमा सन्तोषजनक प्रगति नभएमा प्रधानाध्यापकको पदबाट हटाउन सकिनेछ । साथै उत्कृष्ट कार्य गर्ने प्रधानाध्यापकलाई प्रोत्साहन गरिनेछ ।

## परिच्छेद ६:
## विविध

२४. शिक्षक स्थानान्तरण वा पदस्थापना भएको विद्यालयमा जानुपर्ने: यस कार्यविधि बमोजिम स्थानान्तरण, दरबन्दी मिलान वा पदस्थापना/सरुवा भएका शिक्षकहरूप्रचलित कानुन बमोजिम तोकिएको समयावधिमा स्थानान्तरण भएको विद्यालयमा हाजिर हुन जानुपर्नेछ।

२५. विद्यालयमा अनिवार्य रुपमा हाजिर गराउनुपर्ने: यस कार्यविधि बमोजिम स्थानान्तरण वा व्यवस्थापन भई आएका शिक्षकहरूलाई विद्यालयले अनिवार्य रूपमा हाजिर गराउनु पर्नेछ जसको जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ।

२६. दरबन्दी मिलान सम्बन्धी व्यवस्था: विद्यालयको दरबन्दी मिलान सम्बन्धी कार्य प्रत्येक शैक्षिक सत्रको सुरुमा मात्र गरिनेछ।तर अत्यावश्यक परेमा जुनसुकै समयमा पनि दरबन्दी मिलान, पदस्थापन वा शिक्षक व्यवस्थापन गर्न सकिने व्यवस्था छ।

२७. अमान्य हुने: यस कार्यविधिमा उल्लिखित व्यवस्थाहरू प्रचलित ऐन तथा नियमसँग बाझिएमा, प्रचलित कानुन बमोजिम हुनेछ।

२८. कार्यविधि संशोधन र खारेजी: यो कार्यविधिको कार्यान्वयनमा कुनै समस्या आइपरेमा बाधा अड्काउ फुकाउने वा खारेज गर्ने अधिकार नगर कार्यपालिकाको हुनेछ ।

२०८२।१२।१८

जोगराज चौधरी

नगर प्रमुख